## गाउँ कार्यपालिकाको २३औं बैठकको निर्णय

### प्रस्ताव तथा निर्णयहरुः

१. डिजिटल प्रोफाइल सम्बन्धमा।
२. नीतिगत निर्णय सम्बन्धमा।
३. बार्षिक कार्यप्रगति सम्बन्धमा।
४. कृषिटहरा सम्बन्धी कार्यविधि सम्बन्धमा।
५. विविध।

### निर्णय नं १.

इन्टिग्रेटेड स्टडिज एण्ड रिसर्च प्रालिको सहयोगमा निर्माण भएको गाउँपालिकाको डिजिटल प्रोफाइलको ड्राफ्ट रिपार्टमाथि व्यापक छलफल भयो। सो सम्बन्धमा मस्यौदा प्रतिवेदनमा आबश्यक विषय बस्तुहरु थपघट गर्नु पर्ने भएकोले वडा अध्यक्षहरुले रिपोर्ट अध्ययन गरि गणकलाई काममा लगाउने, त्यसपछि कार्यपालिकामा गणक सहितको उपस्थितिमा रिपोर्ट पुनः प्रस्तुत गरि प्रोफाइलको अन्तिम रुप दिने। उक्त कार्य गर्न समय लाग्ने भएकोले परामर्शदातासँगको सम्झौताको म्याद २०८०को भाद्र मसान्त सम्म थप गर्ने।

### निर्णय नं २

रुन्टीगढी गाउँपालिकाको कार्य संचालनको लागि गरिने तपसिलका नीतिगत निर्णयहरु गाउँसभामा सिफारिस गर्ने निर्णय गरियो।

तपसिलः

**<u>निर्णय नं ३</u>**

यस गाउँपालिकामा चालु  आ ब २०७९।०८० को हालसम्म भएको तपसिल बमोजिको खर्च प्रगति स्वीकृति गरि अनुमोदनका लागि गाउँसभामा पेश गर्ने।

तपसिलः

## निर्णय नं ४

रुन्टीगढी गाउँपालिकाको कृषि हाटबजार व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८० को मस्यौदा स्वीकृत गर्ने।

## निर्णय नं ५

होलेरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिले टि ओ डी मिटर गाउँपालिकाको नाममा रहेकोले महशुल दर बढी आउने भएको हुँदा समितिले उक्त महशुल भुक्तानी गर्न असमर्थ भएको र मिति २०८० आषाढ मसान्त सम्मको उपभोग भएको विद्युत महशुल झण्डै रु पाँच लाख उनासि हजार आठ सय तीन मात्र हुने भएकोले उक्त महशुल रकम गाउँपालिकाले भुक्तानी गरी टी ओ डी मीटर समितिका नाममा ल्याउन आबश्यक प्रक्रिया मिलाइदिनु हुन भनि निवेदन प्राप्त भएकोले सो अनुसार अन्तिम पटकका लागि महशुल रकम यकिन गरि बचत हुने पानी तथा बिजुली र पदाधिकारी विमा शिर्षकबाट भुक्तानी हुने गरी टि ओ डी मिटर समितिका नाममा नामसारी गरिदिनका लागि विद्युत प्राधिकरण रोल्पा वितरण केन्द्रलाई पत्राचार गर्ने।

## निर्णय नं ६

बैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुका लागि पुनः एकिकरण कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा त्यसरी बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशिलता विकास तथा सीप प्रबर्धनको उपयोगको लागि बैदेशिक रोजगार बोर्डबाट रु.१७,२०,०००/- र गाउँपालिकाबाट रु.४,७३,३५०/- गरि कुल जम्मा रु.२१,९३,३५०/- बाट विभिन्न किसिमका उद्यमशिलता विकास तालिम तथा आबश्यक औजार तथा सामाग्रि प्रदान गर्न बैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुका लागि पुनः एकिकरण कार्यक्रम (संचालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ बमोजिम यस गाउँपालिकामा  सूचिकृत भएका बैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई उनिहरुको मागका आधारमा ३ दिने तरकारी खेति तथा पशुपालन व्यवसायीक तालिम दिइएको साथै उक्त तालिम व्यवस्थापन, प्रशिक्षण, खाजा लगायतको रकम कट्टी गरि बचत रकमबाट गाउँपालिकाको ७० प्रतिशत र लाभग्राहीको ३० प्रतिशत रकम लागत साझेदारीमा लाभग्राहीको मागका आधारमा तपसिल बमोजिम खर्च गर्ने गरि कार्यक्रम कार्यान्वयन समितिबाट भएको निर्णय अनुमोदन गर्ने।

तपसिलः

| क स | उद्यमशिता तालिमको शिर्षक | लाभग्राहीको संख्या | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १ | तरकारी खेति, पशु, पशुपालन तथा अन्य व्यवसाय सम्बन्धी तालिम, खाजा, नास्ता तथा अनुगमन एवं यातायात खर्च रकम | ४३ | ३,४४,०००/- | |
| २ | प्रविधि तथा औजार सामाग्री खरिद रकम | ४३ | १८४९३५० | |